# नीलकण्ठ राजपत्र

नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८)  धादिङवेसी, धादिङ  (संख्याः ७  मितिः २०८१।०८।२०


## भाग - १

नीलकण्ठ नगरपालिका

## नीलकण्ठ नगरपालिका नगर प्रहरी व्यवस्थापन ऐन, २०८१

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ मा भएको व्यवस्था बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ बमोजिमको नगर प्रहरी सेवालाई प्रभावकारी एवं व्यवस्थित ढङ्गले सञ्चालन गर्न नीलकण्ठ नगरपालिकाबाट सम्पादन हुने प्रशासनिक सेवा, कर प्रणाली, फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन साथै दमकल सेवालाई प्रभावकारी एवम् जवाफदेही ढंगबाट आम नगरवासीमाझ सेवा पुर्‍याउन र नगरपालिकाको नगर प्रहरी सेवालाई अझ बढी प्रभावकारी तथा निष्पक्ष रुपमा पूर्ण क्षमताका साथ सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगरसभाले यो ऐन बनाई जारी गरिएको छ ।

### परिच्छेद—१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नीलकण्ठ नगरपालिका नगर प्रहरी व्यवस्थापन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन नगर सभाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कार्यपालिका" भन्नाले नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) “नगर प्रहरी” भन्नाले नगरपालिकाको यसै ऐन बमोजिम गठन र सञ्चालन भएका र हुने सवै नगर प्रहरीलाई सम्झनुपर्दछ ।

(ग) “नगर प्रहरी निरीक्षक” भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तर्गत अधिकृत छैठौं/सातौं तहको अधिकृत प्रहरी सम्झनु पर्दछ।

(घ) “नगर प्रहरी नायव निरीक्षक” भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तर्गत सहायक पाँचौ तहको प्रहरी सम्झनु पर्दछ ।

(ङ) “नगर प्रहरी सहायक निरीक्षक” भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरगतको चौथो तहको प्रहरी सम्झनु पर्दछ ।

(च) “नगर प्रहरी हवल्दार” भन्नाले नगर प्रहरी अन्तरगतको तेस्रो तहको नगर प्रहरी हवल्दारलाई सम्झनु पर्दछ ।

(छ) “नगर प्रहरी जवान” भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तर्गत दोश्रो तहको नगर प्रहरी जवानलाई सम्झनु पर्दछ ।

(ज) “नगर प्रहरी सवारी चालक” भन्नाले भारी तथा हलुका सवारी चालक पदमा कार्यरत नगर प्रहरी सवारी चालकलाई सम्झनु पर्दछ ।

(झ) “प्रहरी वा सुरक्षा सेवा” भन्नाले नेपाल प्रहरी सशस्त प्रहरी बल नेपाल नेपाली सेना नगर प्रहरी सेवा वैदेशिक सरकारी प्रहरी वा सेनाको सेवालाई बुझाउनेछ।

(ञ) “नगरपालिका” भन्नाले नीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ठ) “सभा” भन्नाले नीलकण्ठ नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

## परिच्छेद —२

## नगर प्रहरी गठन र सञ्चालन

३. नीलकण्ठ नगरपालिका क्षेत्र भित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु तथा नगरपालिकाबाट जारी भएका कानून र निर्णयहरुको कार्यान्वयनको लागि नगर प्रहरी गठन र सञ्चालन हुनेछ ।

४. **नगर प्रहरी प्रतीक र दर्ज्यानी चिन्हः** नगरकार्यपालिकाले स्वीकृत गरे बमोजिमको नगर प्रहरी प्रतिक र दर्ज्यानी चिन्ह हुनेछ ।

५. **नगर प्रहरीको दरबन्दीः** नीलकण्ठ नगरपालिकको नगर सभाले स्वीकृत गरे बमोजिम नगर प्रहरीको दरवन्दी कायम हुनेछ ।

## परिच्छेद—३

## पदपूर्ति

६. **पदको किसिमः** नगर प्रहरी सेवामा देहायका पदहरु रहनेछन्:

(१) नगर प्रहरी निरीक्षक छैठौं/सातौं तह

(२) नगर प्रहरी नायव निरीक्षक पाँचौ तह

(३) नगर प्रहरी सहायक निरीक्षक चौथो तह

(४) नगर प्रहरी हवल्दार तेस्रो तह

(५) नगर प्रहरी जवान दोश्रो तह

(६) नगर प्रहरी सवारी चालक श्रेणीविहीन / दमकल चालक र फायरम्यान श्रेणीविहीन

७. **नगर प्रहरी सेवामा रहने पदको संख्याः** नगरपालिकामा रहने नगर प्रहरीको संख्या नगर सभाबाट स्विकृत भएबमोजिम हुनेछ।

८. **नियुक्ति, तलव तथा वृत्ति विकासः** दफा ६ बमोजिमका नगर प्रहरी तथा दमकल सेवामा रिक्त हुने दरबन्दीमा यसै ऐन बमोजिम सेवा करारमा मात्र नियुक्ति गर्न सकिनेछ । नियुक्ति गर्दा महिला, आदिवासी/जनजाति, दलितलगायतको प्रतिनिधित्व हुने गरी समावेसी सिद्दान्त अवलम्बन गर्नुपर्नेछ। नगर प्रहरी तथा दमकल सेवाका कर्मचारीहरुको वृत्ति विकास, तलव भत्ता तथा विभागीय कारवाही लगायतको व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **पदपूर्तिः** (१) नगरपालिकाको रिक्त रहेको नगर प्रहरी अधिकृत तथा जवान एवं दमकल सेवा सञ्चालन समेतका पदमा नगर कार्यपालिकाको कार्यालयले दफा ३४ बमोजिमको समितिको सिफारिसमा सेवा करारमा मात्र पदपूर्ति गरिनेछ।

(२) रिक्त पदमा नियुक्त हुनका लागि आवश्यक पर्ने न्यूनतम् योग्यता, उमेर परीक्षा सञ्चालन तथा छनौट विधि अनुसूची १ र २ बमोजिम हुनेछ ।

(३) रिक्त पदमा सेवा करार अन्तर्गत नियुक्ति गर्दा एक पदको लागि बढीमा १ वर्षसम्म मात्र सेवा करारमा नियुक्ति गर्न सकिनेछ ।

(४) सेवा करारमा नियुक्त अधिकृत तथा मातहतका नगर प्रहरीको सेवा सन्तोषजनक भएमा उमेर हद नलागेसम्म आवश्यकता अनुसार नगर कार्यपालिकाले आपसी समझदारीमा म्याद थप गर्न सक्नेछ ।

(५) दफा ९ (३) बमोजिम नियुक्ति गर्दा हरेक आर्थिक वर्षका लागि कर्मचारी सँग सेवा करार संझौता गर्नु पर्नेछ ।

(६) करारमा नियुक्त भएका नगर प्रहरी र दमकल सेवाका कर्मचारीले सन्तोषजनक कार्य नगरे कार्यपालिका कार्यालयले जुनसुकै समयमा पनि करार भङ्गगरी अवकास दिन सक्नेछ।

(७) छनौट सम्बन्धी विस्तृत मापदण्ड तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ।

तर यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनी नीलकण्ठ नगरपालिकामा एक तह मुनीको पदमा कम्तिमा ४ वर्ष सेवा अनुभव भएका नगर प्रहरीलाई स्विकृत दरवन्दी भित्रै पर्नेगरी नगर कार्यपालिकाले कार्यसम्पादन मूल्याङ्कनको आधारमा माथिल्लो तहको पदमा नियुक्ति गर्नसक्नेछ।

१०. **उम्मेदवार हुनका लागि अयोग्यताः** देहायका व्यक्ति नगरपालिकाको नगर प्रहरी पदमा उम्मेदवार हुन सक्ने छैनन्ः

(क) गैर नेपाली नागरिक,

(ख) सहायकस्तर भन्दा मुनिको पदको लागि अठार वर्ष उमेर पूरा नभएको,

(ग) अधिकृत स्तरको पदका लागि एक्काईस वर्ष उमेर पूरा नभएको,

(घ) यस कार्यविधिको योग्यता सम्बन्धी अनुसूचीमा भएको व्यवस्था बमोजिम नभएको।

(ङ) नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी वल वा सुरक्षा निकायमा कारवाही परेको, सेवाबाट भागी कारवाहीको सूचीमा रहेको वा अन्य गैरकानुनी काममा संलग्न रहेको ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार प्रमाणित भएको ।

(छ) वैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेको ।

(ज) भविष्यमा सरकारी सेवा वा नेपाल सरकारको स्वामित्वमा भएको संस्था वा विकास समितिको सेवाको निम्ति अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट बर्खास्त भएको ।

११. **सेवा करारमा नियुक्ति गर्नेः** (१) नगर प्रहरीमा नगरपालिकाले स्वीकृत दरबन्दीमा सेवा करारमा नियुक्ति गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) र (९) बमोजिम मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त नगर प्रहरीको पारिश्रमिक, सुविधा र सेवाका शर्त नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

१२. **निरोगिताको प्रमाणपत्रः** नयाँ प्रवेश गर्ने नगर प्रहरीले सम्झौतापत्र पाउनु पूर्व स्वीकृत चिकित्सकबाट स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१३. **शपथ ग्रहणः** नयाँ प्रवेश  पाउने नगर प्रहरीले तोकिए बमोजिमको ढाँचामा नगरप्रमुखको उपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतसमक्ष सपथ ग्रहण गर्नु पर्नेछ ।

## परिच्छेद—४

## सजाय सम्बन्धी व्यवस्था

१४. **सजाय दिने अधिकारी:** नगर प्रहरीको सजाय दिने अधिकारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत रहनेछ।तर अधिकृत प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने गरी विशेष सजाय दिनुपरेमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाले सजाय दिनेछ।

१५. **सजाय सम्बन्धी कार्यविधि:** सजाय दिने अधिकारीले कुनै नगर प्रहरीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई कारवाही गर्न लागिएको कारण उल्लेख गरी सूचना दिई कम्तिमा ७ दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा निजमाथि लगाइएको आरोप स्पष्टरुपले किटिएको हुनु पर्नेछ र त्यस्तो आरोप कुनकुन विषय र कारणमा आधारित छ सो समेत खुलाई निजसंग स्पष्टीकरण माग गर्नुपर्नेछ ।

१६. **सजायको आदेश दिनुभन्दा पहिले सूचना दिनेः** दफा १५ बमोजिम मागिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्पष्टीकरण नै पेश नगर्ने नगर प्रहरीलाई सजायको आदेश दिनुभन्दा पहिले सजाय दिने अधिकारीले निजलाई दिन लागिएको सजायको सूचना दिई प्रस्तावित सजाय किन नदिने भनि पुनः तीन दिनको म्याद दिई निजसँग स्पष्टीकरण माग्नु पर्नेछ ।

## परिच्छेद-५

## विदा

१७. **नगर प्रहरीको सवै समय नगरपालिकाको अधिन हुनेः** नगर प्रहरीको सवै समय नगरपालिकाको अधिन हुनेछ र जुनसुकै समयमा पनि निजलाई नगरपालिकाले काममा लगाउन सक्नेछ ।

१८. **कार्यालय समय, समय पालन र हाजिरीः** (१) नगर प्रहरीले नगरपालिकाले तोकेको समयमा नगरपालिकाको कामकाजका निम्ति तोकेको कार्यालय समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयमा नआउने नगरपालिकाको नगर प्रहरीलाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गयल गर्नेछ ।

(३) मुनासिव माफिकको कारण परेमा वाहेक विदाको निकासा नलिई कुनैपनि नगर प्रहरी आफ्नो कार्यालयमा अनुपस्थित हुनुहुदैन। कावु बाहिरको परिस्थिति परी अनुपस्थित हुने नगर प्रहरीले तीन दिनभित्र विदाको निवेदन दिनु पर्नेछ ।

१९. **विदाको सुविधाः** (१) बिदा अधिकार नभई सुविधा मात्र हो ।

(२) नगर प्रहरीले सेवा करारमा कार्यरत रहदा करार सम्झौतामा उल्लेख भएका र नगर कार्यपालिकाबाट तोकिए अनुसारका विदाहरु पाउने छन् ।

२०. **बिदा माग गर्ने अवधिः** (१) सकभर नगर प्रहरीले विदा स्वीकृत नगराई अनुपस्थित हुनु हुदैन।

(२) बिदाको निकासाका निमित्त नगर प्रहरीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो तालुक अधिकृतमार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरीलाई दिनु पर्नेछ । तर कार्यालयलाई आवश्यक परेको अवस्थामा बिदामा बसेको नगर प्रहरीलाई नीजको स्वीकृत विदा रद्ध गराई काममा लगाउन सकिनेछ ।

२१. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरीलाई गयल गर्न र तलब कट्टि गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुनेछैन् ।

२२. **बिदाको अभिलेखः** (१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने नगर प्रहरीको बिदाको अभिलेख राख्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बिदाको अभिलेखको एक प्रति उतार सम्बन्धित नगर प्रहरीलाई समेत दिनु पर्नेछ ।

२३. **सट्टा बिदाः** (१) नगर प्रहरी र वारुण यन्त्रमा कार्यरत कर्मचारीले सार्वजनिक विदाका दिनमा पनि काम गर्नुपर्दा काम गरे वापत सट्टा तलबी बिदा पाउन सक्नेछ र त्यस्तो विदा एक वर्ष भित्रमा आलोपालो मिलाई बस्नु पर्नेछ ।

(२) नगरपालिकाले ऐनमा व्यवस्था भएको अधिकार प्रयोग गरी तोकेको विदा भने नगर प्रहरीले पाउनेछन् ।

## परिच्छेद-६

## आचरण तथा काम, कर्तव्य अधिकार

२४. **नगर प्रहरीको आचरणः** नगरप्रहरीले देहायको आचरणको पालना गर्नुपर्नेछः

(क) नगरपालिकाको काममा कुनै प्रकारले असर पर्नसक्ने गरी नगरपालिकाको पूर्व स्वीकृति विना कसैबाट कुनै प्रकारको दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्न दिनहुदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा नगरपालिकामा सो कुराको सूचना दिई निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(ख) नगरपालिकाको पूर्व स्वीकृती विना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिन हुदैन।

(ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यका नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागेको मोल समेतको जानकारी प्रमुख प्रशासकीय अधिकृतमार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) नयाँ भर्ना हुने कर्मचारीले आफू नियुक्ति भएको एक महिनाभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा भएको चल अचल सम्पत्ति, शेयर, बैंक व्यालेन्सको विवरण, जवाहरत, सुन, चाँदी समेतको विवरण प्रमुख प्रशासकीय अधिकृतमार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ङ) नगर प्रहरीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्रमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(च) नगरपालिकाको लागि गरिने कुनैपनि कामको ठेक्का, टेण्डर, वोलपत्र आफै वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिन हुदैन ।

(छ) नगरपालिकाको कामसंग सम्बन्ध भएको कुनै व्यक्तिसँग सापट लिन वा निजको आर्थिक कृतज्ञतामा पर्न हुदैन । तर बैंकसँग लेनदेन हुदा यो नियम लागूहुने छैन्।

(ज) कुनै किसिमको गैरकानुनी फटका, जुवातास खेल्न खेलाउन वा कुनै गैरकानूनी काम कार्वाहीमा संलग्न हुनुहुदैन ।

(झ) नगरपालिकाको पूर्व स्वीकृती विना कुनै बैंक वा कम्पनीको स्थापना रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन हुदैन् ।

(ञ) नगरपालिकाबाट अख्तियार नपाई आफूले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत व्यक्ति, संस्था, निकाय वा संचार माध्यमलाई दिन हुदैन ।

(ट) संघीय र प्रदेश सरकार वा नगरपालिकाको काम कारवाहिमा प्रतिकूल प्रभाव पर्नेगरी कुनै पत्र पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्न वा रेडियो वा टेलिभिजन वा सामाजिक सञ्जालद्वारा प्रसारण गर्न हुदैन ।

(ठ) नगरपालिकाको नीति तथा कामकारवाहीको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुदैन।

(ड) नगरपालिकाबाट निर्धारित समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनुपर्छ र बिदाको निकासा नलिई आफ्नो काममा अनुपस्थित हुनुहुदैन ।

(ढ) कार्यालयको गोपनीयता भङ्ग गर्न हुदैन ।

(ण) नगरपालिकाको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई शीघ्रता र परिश्रमका साथ पूरागर्नु पर्छ ।

(त) नगर प्रहरीले आफूभन्दा माथिका सवै जनप्रतिनिधि तथा अधिकृतप्रति उचित आदर देखाउनु पर्छ ।

(थ) आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृत, कर्मचारी वा जनप्रतिनिधि माथि कुनै राजनैतिक वा अरु अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने वा प्रयत्न समेत गर्न हुदैन ।

(द) कुनै नगर प्रहरीले प्रचलित कानून विपरित हुने गरी विवाह गर्न गराउन र लैङ्गिक हिंसा, जातिय विभेदलाई प्रश्रय दिनेकार्य गर्नगराउन हुदैन ।

(ध) कुनैपनि राजनैतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुदैन । तर प्रचलित कानून बमोजिम पाएको मताधिकार प्रयोग गर्न भने बन्देज लगाएको मानिने छैन ।

(न) आफ्नो जिम्मामा रहेको सरकारी नगदी, जिन्सी वा अन्य कागजात जे जति छ सबै तोकिएको म्यादभित्र बुझाउनु पर्छ र बुझिलिनु पर्नेले पनि तोकिएको म्यादभित्र बुझिलिनु पर्नेछ ।

२५. **नगर प्रहरीको काम कर्तव्यः** नगर प्रहरीले नीलकण्ठ नगरपालिका प्रति बफादार रही देहाय बमोजिमको काम, कर्तव्य सम्पादन गर्नुपर्नेछः

(१) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्नु गराउनु ।

(२) सङ्घीय तथा प्रदेश सरकारको निर्णय, निर्देशन कार्यान्वयन गर्न गराउनु समन्वय र सहयोग गर्नु गराउनु ।

(३) नगरपालिकाको चल अचल सम्पत्ति संरक्षण गर्नु गराउनु ।

(४) प्रमुख लगायत निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको सुरक्षा गर्नु गराउनु ।

(५) नगरपालिकामा हुने सभा, समारोहमा, परम्परागत जात्रा, चाडपर्व, मेला, खेलकुद प्रतियोगितामा सुरक्षा निकायसँग समन्वय गरी सुरक्षा व्यवस्था मिलाउने ।

(६) नगरपालिकाको कर संकलन कार्यमा प्रभावकारी भूमिका निर्वाह गरी करको दायरा बढाई कर संकलन गर्ने कार्यमा सहयोग गर्ने ।

(७) नगरपालिकाको बजारमा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(८) ट्राफिक प्रहरीसँग समन्वय गरी ट्राफिक व्यवस्थापनमा सहयोग गर्ने ।

(९) नगरपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने गराउने ।

(१०) जथाभावी फोहोर फाल्ने व्यक्तिलाई कारवाहि गर्न कारवाहिको प्रक्रिया अगाडि बढाउने।

(११) न्यायीक समितिले गरेको निर्णय, मिलापत्र तथा फैसला कार्यान्वयन गर्ने गराउने।

(१२) सार्वजनिक ऐलानी र पर्ति जमिन, सार्वजनिक भवन, साँस्कृतिक, ऐतिहासिक सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने गराउने ।

(१३) दमकल परिचालन गर्ने ।

(१४) विपद् व्यवस्थापन सम्बन्धि खोजी, उद्धार राहत तथा पुनरुस्थापना कार्य गर्ने र अन्य निकायसँग समन्वय गरी सहयोग गर्ने ।

(१५) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

(१६) बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(१७) छाडा पशु चौपायाको नियन्त्रण, विना धनीको कुकुर र जङ्गली पशुको नियन्त्रण गर्ने र गराउन सहयोग गर्ने ।

(१८) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमणलाई रोकथाम र नियन्त्रण गर्ने ।

(१९) भवन निर्माण तथा सडक सम्बन्धी कानूनी व्यवस्था र मापदण्ड लागू गराउने ।

(२०) नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-७

## विविध

२६. **तलब भत्ताः** (१) नगर प्रहरीले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नगरपालिकाले नगर प्रहरीलाई कार्यपालिकाको निर्णयका आधारमा थप प्रोत्साहन तथा रासन/जोखिम भत्ता लगायतका सुविधाहरु उपलब्ध गराउन सक्नेछ ।

२७. **काज खटाउनेः** कुनै नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले काज खटाउन सक्नेछ।

२८. **तालिमः** नगर प्रहरीको कार्यक्षमता बृद्धि गर्न नगरपालिका आफैले तालिमको आयोजना गर्न वा नेपाल प्रहरी वा अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

२९. **राजीनामाः** नगर प्रहरीले आफ्नो पदबाट दिएको राजीनामा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ ।

३०. **अनिवार्य अवकाशः (१)** नगरपालिकामा कार्यरत नगर प्रहरीको देहायको उमेरहद पुरा भएपछी अनिवार्य अवकाश दिइनेछः

(क) नगर प्रहरी निरीक्षकको ५५ वर्ष,

(ख) नगर प्रहरी नायव निरीक्षकको ५४ वर्ष,

(ग) नगर प्रहरी सहायक निरीक्षक र हवल्दारको ५३ वर्ष,

(घ) नगर प्रहरी जवान तथा नगर प्रहरी सवारी चालक/फायरम्यानको ५२ वर्ष ।

(२) उपदफा १ बमोजिम उमेर हद पुरा भएका नगर प्रहरीलाई पुनः सेवामा लिन सकिनेछैन।

(३) यस ऐन जारी गर्दाको वखतमा कार्यरत कुनै नगर प्रहरी उपदफा (१) बमोजिमको उमेर हदका कारण सेवाबाट अवकाश हुने भएमा नीजलाई दुई महिनाभित्र अनिवार्य अवकाश दिइनेछ ।

३१. **चाडवाड खर्च पाउने:** नगर प्रहरीले खाई पाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिन अगाडि दशैं खर्चको रुपमा पाउनेछ । दशैं खर्च दिंदा बडा दशैं बिदा भन्दा अघिल्लो महिना भुक्तान भई नसकेता पनि सो महिनाको तलब समेत खर्च लेखि भुक्तानी दिनु पर्नेछ ।

**३२. उपदान:** (१) नगर प्रहरीले लगातार ५ वर्ष सेवा गरेवापत नगर कार्यपालिकाले उपदानवापत थप सुविधा व्यवस्था गर्नसक्नेछ ।

(२) उपनियम (१) बमोजिम नगर कार्यपालिकाले नियम बनाई उपदानको व्यवस्था गर्न सक्नेछ ।

३३. **बिमा:** (१) नगर प्रहरीलाई विमाको सुविधा कार्यपालिकाले तोकिए बमोजिम गरिनेछ ।

(२) नगर प्रहरी कार्यालयको काममा कार्यरत रहदा कुनै दुर्घटनामा परेमा नगरपालिकाले विमाको रकमबाट उपचार खर्च उपलब्ध गराउने छ ।

३४. **करार सेवा वा सेवा करारमा नगर प्रहरी नियुक्ति गर्ने प्रक्रिया:** (१) नगरपालिकामा यस ऐन बमोजिम सेवा करारमा आवश्यक नगर प्रहरी तथा दमकल चालक र फायरम्यान नियुक्त गर्न देहाय बमोजिमको छनौट समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) | कार्यपालिकाले तोकेको विज्ञ सदस्य १ जना | -सदस्य |
| (ग) | सशस्त्र प्रहरी वलको अधिकृतस्तरको प्रतिनिधि १ जना | -सदस्य |
| (घ) | जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि १ जना | -सदस्य |
| (ङ) | संयोजकले तोकेको प्रशासन शाखा हेर्ने अधिकृतस्तरको कर्मचारी | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित छनौट समितिले यस ऐन, ऐन बमोजिम जारी भएका कार्यविधि तथा मापदण्ड ताथ लोक सेवा आयोगले तोकेको कार्यविधिलाई आधारमानी आफ्नै कार्यविधि आफै निर्धारण गरी कार्य गर्नेछ ।

३५. **संशोधन:** यस ऐन लाई अझ बढी प्रभावकारी ढङ्गबाट लागू गर्न नगरसभाले संशोधन गर्न सक्नेछ।

३६. यस ऐन जारी हुदाँका बखत नगरपालिकामा कार्यरत नगर प्रहरी कर्मचारीहरु यसै ऐन बमोजिम सेवामा रहेको मानि सेवा निरन्तरता दिईनेछ।

३७. यस ऐनलाई अझ बढी प्रभावकारी ढङ्गबाट लागू गर्न कार्यपालिकाले आवश्यक कार्यविधि, नियम, मापदण्ड आदी बनाइ लागु गर्न सक्नेछ ।

अनुसूची —१

(दफा ९ सँग सम्बन्धित)

**शैक्षिक योग्यता र उमेर**

| क्र.सं. | पद | तह | आवश्यक योग्यता | उमेर |
|---|---|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | अधिकृतस्तर छैठौं/सातौं | कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण, स्वस्थ्य अवस्था तन्दुरुस्त भएको । प्रहरी वा सुरक्षा सेवामा कम्तिमा ५ वर्षको अनुभव भएको । | ४५ वर्ष ननाघेको |
| २ | नगर प्रहरी नायव निरीक्षक | सहायकस्तर पाँचौ | कुनै पनि विषयमा प्रमाण पत्र तह वा १२ कक्षा उत्तीर्ण, स्वस्थ्य अवस्था तन्दुरुस्त भएको । प्रहरी वा सुरक्षा सेवामा कम्तिमा ३ वर्षको अनुभव भएको । | ४५ वर्ष ननाघेको |
| ३ | नगर प्रहरी सहायक निरिक्षक | सहायकस्तर चौथो | एस.एल.सी. वा एस.इ.इ.वा सो सरह उतीर्ण, स्वास्थ्य अवस्था तन्दुरुस्त भएको । प्रहरी वा सुरक्षा सेवामा कम्तिमा ३ वर्षको अनुभव भएको। | ४५ वर्ष ननाघेको |
| ४ | नगर प्रहरी हवल्दार | सहायकस्तर तेस्रो | एस.एल.सी. वा एस.इ.इ.वा सो सरह उतीर्ण, स्वास्थ्य अवस्था तन्दुरुस्त भएको, प्रहरी वा सुरक्षा सेवामा कम्तिमा ३ वर्षको अनुभव भएको। | ४५ वर्ष ननाघेको |
| ५ | नगर प्रहरी जवान | सहायकस्तर दोस्रो | एस.एल.सी. वा एस.इ.इ.वा सो सरह उतीर्ण, स्वास्थ्य अवस्था तन्दुरुस्त भएको। | १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको |
| ६ | नगर प्रहरी सवारी चालक/ दमकल चालक | श्रेणी बिहिन | सामान्य लेखपढ गर्ने र हेभी सवारीका लागि हेभी सवारीचालक/हलुका सवारीका लागि हलुका सवारी चालक अनुमति पत्र लिई कम्तिमा ३ बर्षको कार्य अनुभव हासिल गरेको । | ४० वर्ष ननाघेको |
| ७ | फायर म्यान | श्रेणीविहिन | सामान्य लेखपढ र स्वास्थ्य अवस्था तन्दुरुस्त भएको | १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको |

द्रष्टव्यः नेपाल प्रहरी तथा अन्य सुरक्षा सम्बन्धी सेवामा कम्तिमा ५ वर्ष कार्य गरेको व्यक्तिलाई नगर प्रहरी जवान पदमा उम्मेदवार हुने उमेर हद ३८ वर्ष ननाघेको हुनुपर्नेछ। नीलकण्ठ नगर प्रहरीमा कम्तिमा ५ वर्ष कार्य गरेको नगर प्रहरीलाई माथिल्लो तहमा आवेदन दिदा उल्लेखित उमेर हद लागूहुने छैन। जुनपदमा आवेदन दिने हो सोही पदमा कम्तिमा १० वर्ष अनुभव प्राप्त गरेको भए माथि उल्लिखित शैक्षिक योग्यता आवश्यक पर्नेछैन।

## अनुसूची – २

### (दफा ९ सँग सम्बन्धित)

### छनौटका चरण

| क.सं. | छनौटका चरण |
|---|---|
| १ | स्वास्थ्य परीक्षण |
| २ | शारीरिक तन्दुरुस्ती |
| ३ | लिखित परीक्षा |
| ४ | अन्तर्वार्ता |
| ५ | प्रयोगात्मक परीक्षा (छनौट समितिले आवश्यक ठानेका पदको लागि मात्र) |

नोटः

१. अघिल्लो चरणमा उत्तीर्ण उम्मेदवारहरुमात्र त्यसपछीको अर्को चरणको परीक्षण तथा परीक्षामा सहभागी गराईनेछ ।

२. लिखित परीक्षामा कम्तिमा ४० प्रतिशत अंक प्राप्त गर्ने उम्मेदवारमात्र अन्तर्वार्तामा समावेश गराइनेछ। छनौटको सवै प्रक्रिया पुराभएपछी लिखित र अन्तर्वार्ताको एकमुष्ठ अंकको आधारमा सवै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रमको आधारमा छनौट समितिले नियुक्तिका लागि सिफारिस गर्नेछ।

३. एक पदमा तीसभन्दा बढी उम्मेदवार भएमा संक्षिप्त सूची प्रकाशित गरेर सोमध्येबाट माथि उल्लिखित चरणको परीक्षा सुरु हुनेछ ।

**आज्ञाले,**
**पुरुषोत्तम सुवेदी,**
**प्रमुख प्रशासकीय अधिकृत**